# जिल्ला सरकारी वकील कार्यालय
## दुनै, डोल्पा

visit Nepal 2020

पत्र संख्या :- ०७६।०७७

चलानी नं. :- १२९

मिति :-२०७६।०८।२७

श्री महान्यायाधिवक्ताको कार्यालय
सिंहदरबार, काठमाण्डौं ।

**विषयः- समन्वय समितिको बैठक सम्बन्धमा ।**

प्रस्तुत विषयमा महान्यायाधिवक्ताको कार्यालयको च.नं.४६, मिति २०७६।०८।२७ को पत्र तथा उच्च सरकारी वकील कार्यालय जुम्लाको इमेल मार्फत प्राप्त पत्रानुसार यस कार्यालयमा मिति २०७६।०८।२७ गते समन्वय समितिको बैठक बसी निर्णयको प्रतिलिपि यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

०७६।८।२६

कर्णबहादुर बुढाक्षेत्री
स.जि.न्यायाधिवक्ता

**बोधार्थ**

**श्री उच्च सरकारी वकील कार्यालय**
**बिजयनगर जुम्ला :-** समन्वय समितिको बैठकको निर्णय प्रतिलिपि यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

Emai : Attorneyoffice.dolpa@gmail.com, dgadolpa@ag.gov.np

**मिति २०७६।०८।२७ गते शुक्रबारका दिन अनुसन्धान तथा अभियोजनलाई सुदृढ र प्रभावकारी बनाउन नि. जिल्ला न्यायाधिवक्ता श्री कर्ण बहादुर बुढाक्षेत्रीको संयोजकत्वमा समन्वय समितीको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।**

**उपस्थिति:**

१. श्री कर्ण बहादुर बुढाक्षेत्री नि.जि.न्या.व., जि.स.व.का. डोल्पा - संयोजक

२. श्री मुकेश कुमार केशरी, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय डोल्पा- सदस्य

३. श्री जिवराज थापा, प्र.नि., जिल्ला प्रहरी कार्यालय डोल्पा- सदस्य

४. श्री राजन यादव ना.सु., जि.स.व.का. डोल्पा- सदस्य सचिव

**आमन्त्रित:**

१. श्री बिदुर प्रसाद कोइराला- श्रेस्तेदार, डोल्पा जिल्ला अदालत

२. श्री घनश्याम उपाध्याय- वैतनिक कानून व्यवसायी तथा जिल्ला वारसचिव, डोल्पा जिल्ला अदालत

३. श्री दिपेन्द्र उपाध्याय- अधिकृत स्तर छैठौं तह, स्वास्थ्य सेवा कार्यालय, डोल्पा

४. श्री कर्ण बहादुर रोकाया- नि.कार्यालय प्रमुख, मालपोत कार्यालय, डोल्पा

**छलफलका विषयहरु:**

१) अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने सम्बन्धमा।

२) प्रतिकुल वकपत्रलाई निरुत्साहीत गर्ने सम्बन्धमा।

३) विधि विज्ञानको प्रयोग सम्बन्धमा।

४) अनुसन्धान र अभियोजनका लागि सरोकारवालाहरुबिच समन्वय गर्ने सम्बन्धमा।

५) सरकारवादी फौजदारी मुद्दामा देवीदेवता धाउने र समाजमै मिलाउने प्रचलनको अन्त्य गर्ने सम्बन्धमा।

**निर्णय नं. १**

बुँदा नं. १ को सम्बन्धमा छलफल गर्दा अनुसन्धानलाई प्रभावकारी बनाउन अपराध अनुसन्धानको क्रममा घट्नास्थलको स्केच, फोटो र विवरण तयार गरी मिसिल सामेल गर्ने। सो स्थानमा पाईएका अपराधसँग सम्बन्धित दशी प्रमाण रीतपुर्वक संकलन गर्ने, संरक्षण गर्ने र परिक्षण गर्ने तर्फ अनुसन्धान अधिकृतलाई निर्देशन दिने र बैज्ञानिक प्रमाणका आधारमा अभियोजन गरी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने निर्णय गरियो।

**निर्णय नं. २**

बुँदा नं. २ का सम्बन्धमा छलफल गर्दा, अपराध पश्चात सरकारी साक्षीहरु विभिन्न प्रलोभन, दवाव एवं प्रभावमा परी पहिलेको भनाई विपरित अदालत समक्ष प्रस्तुत हुने प्रचलन बढिरहेको छ । यस्तो स्थितिलाई निरुत्साहीत गर्न सरकारी साक्षीको संरक्षण गरी सरोकारवालाहरुको पारस्परिक समन्वय र सहकार्यका आधारमा त्यस्तो कार्यलाई रोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

बुँदा नं. ३ का सम्बन्धमा छलफल गर्दा फौजदारी मुद्दामा आधुनिक बैज्ञानिक पद्धति विधि-विज्ञानको प्रयोगलाई अवलम्बन गर्नुपर्ने देखिन्छ । यसका लागि आवश्यक पर्ने संरचना, कानून, जनशक्ति एवं स्रोत साधनको उचित व्यवस्था गरी बैज्ञानिक परिक्षणको बिश्वसनियता अभिवृद्धि गर्न जरुरी छ । बैज्ञानिक परिक्षणका लागि समयमै पहल गरी परिक्षण प्रतिवेदन प्राप्त गर्ने र परिक्षणका लागि संकलन गरिएका दशी प्रमाणलाई समूचित संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

बुँदा नं. ४ का सम्बन्धमा छलफल गर्दा , फौजदारी न्याय प्रशासनका लागि अनुसन्धान र अभियोजन अन्योन्याश्रीत विषय हुन । अनुसन्धान अधिकृत, विधि-विज्ञान विज्ञ र सरकारी वकीलका विचमा नियमित संवाद, समन्वय र सहकार्यबाट मात्र परस्पर विश्वासको वातावरण सिर्जना भई फौजदारी मुद्दाको सफलता एवं कानून र व्यवस्था कायम राख्न सहयोग पुग्ने हुँदा फौजदारी मुद्दाको न्याय निरोपणका लागि सरोकारवाला निकायहरुविच समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

बुँदा नं. ५ का सम्बन्धमा छलफल गर्दा समाजलाई गम्भिर असर पर्ने मुद्दामा समेत देवीदेवताको भर पर्ने र समाजमै मिलाउने प्रचलन फौजदारी न्याय प्रशासनमा एउटा समस्याको रुपमा देखिएको छ । यसलाई समाधान गर्न यस जिल्लामा समुदायमा सरकारी वकील कार्यक्रम र समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत जनचेतना अभिबृद्धि गराई न्यूनीकरण गर्ने र सरोकारवाला निकायहरु सँग समन्वय कायम गरी अनुसन्धानमा संलग्न अधिकारीहरुको आचरण, प्रवृत्ति र व्यवहारमा सुधार ल्याउन प्रशिक्षण कार्यक्रम संचालन गर्ने,गराउने निर्णय गरियो ।